स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ६ मध्यपुर थिमि, मध्यपुर पौष २२ , २०७९

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको कार्यबिधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको कार्यबिधि नं. ६

नगरकार्यपालिकाबाट स्विकृत मिति २०७९।०९।२२

## मध्यपुर थिमि नगरकार्यपालिकाको लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि ,२०७९

प्रस्तावना :

लैंगिक हिंसावाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागी मध्यपुर थिमि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरि सो कोषवाट पिडित वा प्रभावित लाई रकम प्रदान गर्ने कार्यलाई सहज बनाउन वांन्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मध्यपुर थिमि नगरकार्यपालिकाले लैंगिक हिंसा निवारण कोष (संचालन) सम्वन्धि कार्यविधि ,२०७९ बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम " लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि ,२०७९ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका " भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ वमोजिमको लैंगिक हिसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पिडित" भन्नाले लैंगिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "लैंगिक हिंसा" भन्नाले त्यस्ता हिंसात्मक कार्यलाई बुझाउंछ जुन कुनै व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैंगिक विभेदवाट निर्देशित भई गरिएको हुन्छ । यस्ता कार्यहरुभित्र शारिरिक,मानसिक,यौनिक रुपले पीडा दिने वा पीडा पुर्याउने खालका सम्पूर्ण व्यवहारहरु पर्दछन् । साथै त्यस्ता कार्यहरु गर्नका लागि डर,धम्की जस्ता व्यवहारदेखि लिएर व्यक्तिको आधारभुत स्वतन्त्र खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहारहरुलाई सम्झनुपर्दछ।

(ङ) "कोष संचालन समिति" भन्नाले दफा ( ९ ) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. कोषको स्थापना :

(१) लैंगिक हिंसा पीडित वा प्रभावितहरुको तत्काल उद्धार गर्न वा पुर्नस्थापना गर्ने कार्यका लागी लैंगिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(ख) मध्यपुर थिमि नगरपालिकाको आन्तरीक स्रोतवाट छुट्याइएको रकम ।

(ग)अन्य कुनै आन्तरीक तथा वाहिय स्रोतवाट प्राप्त रकम ।

(घ) स्वदेशी वा विदेशी व्यक्ति वा विभिन्न संघ संस्थावाट प्राप्त रकम ।

(ङ)बैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम ।

**४. कोषमा रकम जम्मा गर्ने :**

मध्यपुर थिमि नगरपालिकाले प्रत्येक बार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागी उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्धार गर्न ,

(ख) औषधी उपचार गर्न,

(ग) कानुनी सहायता , मनोवैज्ञानिक वा मनमोविर्मश सेवा प्रदान गर्न ,

(घ) पुर्नरुथापना गराउन ,

(ङ) राहात प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(च) स्वरोजगारका लाागी कुनै व्यवसाय गर्नका लागी अनुदान रकम प्रदान गर्न ।

(छ) कोष परिचालन समितिले तोके वमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिसा पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागु पर्दाथको दुव्र्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सकिनेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** कोषको रकम दफा ५ वमोजिम वाहेक अन्य कामका लागी उपयोग गर्न सकिने छैन ।

**७. राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने आधार :**

(१) यस कार्यबिधि वमोजिम पिडितलाइ राहात तथा आर्थिक सहयोग उपलव्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरि उपलब्ध गराइनेछ।

(क) पिडितलाइ तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च रकम ,अस्पतालमा वस्नु पर्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च समेत उपलब्ध गराउने ।

(ख) पिडितलाइ तत्काल उद्धार औषधी उपचार, पुर्नस्थापना वा राहात तथा आर्थिक सहयोग गर्नुपर्ने भएमा, गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी वीस हजार रुपैया नबढ्ने गरी मनासिव रकम

(ग) पिडितलाइ कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविर्मशका लागी पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यर्थाथ खर्च ।

(घ) पिडितले कुनै सीपमुलक तालीम प्राप्त गरी व्यवसाय संचालन गर्नृका लागी वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यका आधारमा प्रति व्यक्ति वढिमा वीस हजार रुपैया ,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया,अस्पतालमा वस्ने व्यवस्था नभइ वाहिर वस्नु परेमा वास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्चको यर्थाथ खर्च रकम

**८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिब आधार देखिएमा दफा (७) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**९. कोष संचालन समिति गठन :**

९.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

९.२. समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख : | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) कानुन तथा प्रशासन माहाशाखा प्रमुख : | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा : | सदस्य |
| (ङ) महानगरीय प्रहरी वृत्त थिमिको प्रतिनिधि : | सदस्य |
| (च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना : | सदस्य |
| (छ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख : | सदस्य सचिव |

**१०. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने , पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

ख) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

ङ)) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकाय सँग समन्वय गर्ने ,

छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

झ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ,

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

११. समितिको बैठक र निर्णय :

क) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ,
ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ,
ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,
घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,
ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ;
च ) समितिले आबश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,
छ) समितिको निर्णय समितिको सदस्य सचिबले प्रमाणित गरी राखिनेछ ,
ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

१२. समितिको प्रशासनिक खर्च : समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त रकम

१३. खाता सञ्चालन :
क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बैंकको खाता खोली जम्मा गर्नु पर्दछ ।
ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखा परिक्षण : कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१५. कोषको रकम फ्रिज नहुने : कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१६. प्रतिबेदन पेश गर्ने :

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।
२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगरकार्यपालिकाले सार्बजनिक गर्ने छ ।

१७. बैठक भत्ता : समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

१८. कोषको सचिवालय : कोषको सचिवालय कोष सचिवालयको काम नपाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले गर्नेछ ।

१९. अभिलेख राख्ने : समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. निर्देशन दिन सक्ने :

क) नगरकार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

अनुसुची

(दफा ८को उपदफा १ सँग सम्बन्धित)

विषयः सहयोग उपलब्ध गराई पाँउ ।

श्री अध्यक्ष ज्यु, स्थानीय तत्काल उद्धार तथा राहत समिति............।

म...............मा बस्ने बर्ष ........को ................मिति ...........मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (...............) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानुनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/स्वरोजगार/पुनरुथापना/अन्य ........कामको लागि सहयोगको आवस्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः

प्रमाणीकरण मिति २०७९।०९।२२

आज्ञाले
विजयराजसुवेदी
प्रमुखप्रशासकीयअधिकृत